फोन नं. : ०७६-५६०२०१

# कपिलवस्तु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## लुम्बिनी प्रदेश
## तौलिहवा, कपिलवस्तु ।

प.सं. : ०७७/०७८
चलानी नम्बर: 2226

मितिः २०७७/११/१७

## न्यूनतम रोजगारीमा संलग्न हुनका लागि निवेदन दिने बारेको सूचना

रोजगारीको हक सम्बन्धि ऐन, २०७५, सो को नियमावली, २०७५ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ (पहिलो संशोधन, २०७७ सहित) बमोजिम आगामी आर्थिक वर्ष ०७८/०७९ मा स्थानीय तह मातहात रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्यूनतम रोजगारीमा आबद्ध हुन चाहने बेरोजगार व्यक्तिहरुले २०७७ फाल्गुन महिनामा आफू स्थायी बसोबास गरेको यस नगरपालिका भित्रको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ। निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को अनुसूची १ (संशोधित) बमोजिम हुनुपर्नेछ। निवेदनको ढाँचा र यस सम्बन्धी विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रम वेवसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिनेछ।

### न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक मापदण्ड:

- १८ देखि ५९ वर्ष उमेर समुहको हुनुपर्ने।
- पूर्ण विवरण सहित रितपूर्वक निवेदन दिई कार्यक्रममा सहभागी हुन ईच्छुक रहेको।
- कपिलवस्तु नगरपालिकाभित्र स्थायी बसोबास देखिने नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा परिवारमा भएको सम्पूर्ण सदस्यहरुको नेपाली नागरिकताको प्रमाणपत्र स्पष्ट देखिने प्रतिलिपि, नागरिकता नभएका सदस्यहरुको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि । (निवेदकको नागरिकतामा स्थायी बसोबास कपिलवस्तु नगरपालिका नभएमा बसाइसराइ वा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि)
- पासपोर्ट साइजको फोटो १ प्रति।

**वोधार्थः** १) श्री सूचना प्रविधि शाखा, website मा upload गरिदिनुहुन।
२) श्री वडा कार्यालय सबै।

सुरेश बराली
रोजगार संयोजक